# बुद्धभूमि नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
हनुमानचोक, बुड्ढी, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या.: ०८३।०८४
चलानी नं.: 332

ने.स.- ११४६

मिति २०८३/०४/२८

श्री वडा कार्यालयहरू ( सबै )
बुद्धभूमि नगरपालिका।

बिषय :- उपभोक्ता समिति गठन सम्बन्धमा।

प्रस्तुत विषयमा यस नगरपालिकाको आ. व. २०८३/०८४ का लागि स्वीकृत वार्षिक नीति, कार्यक्रम तथा बजेट मध्ये उपभोक्ता समिति मार्फत सञ्चालन हुने तहाँ वडा अन्तर्गतका वडा स्तरीय योजना/कार्यक्रमहरू यकिन गरी ती योजना सञ्चालनार्थ बुद्धभूमि नगरपालिका उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन कार्यविधि, २०७५ बमोजिम तपसिलका विषयहरू अनिवार्य अवलम्बन गरी उपभोक्ता समिति गठन गराई सो को अभिलेख यस कार्यालयमा उपलब्ध गराउनुहुन अनुरोध छ।

तपसिल :

१. समिति गठनको लागि आम भेला हुने समय, मिति, स्थान र भेलाको विषय त्यस्तो भेला हुने मितिले कम्तिमा सात दिन (७ दिन) अगावै सार्वजनिक रुपमा जानकारी गराउनु पर्नेछ।

२. सञ्चालन हुने योजनाबाट प्रत्यक्ष लाभ लिने उपभोक्ताहरुको अधिकतम (कम्तिमा ५१%) सहभागितामा लेखपढ गर्न सक्ने र कार्य गर्न इच्छुक एवं सक्षम व्यक्तिहरु रहेको ७ ,९ वा ११ सदस्यीय उपभोक्ता समिति गठन गर्नुपर्ने।

३. नगरपालिकास्तरीय आयोजना सञ्चालनको लागि उपभोक्ता समितिको गठन गर्दा कार्यपालिकाले तोकेको कार्यपालिकाका सदस्य वा कार्यालयको प्रतिनिधि वडास्तरीय आयोजना सञ्चालनको लागि उपभोक्ता समिति गठन गर्दा सम्बन्धित वडाको वडा अध्यक्ष वा वडा सदस्य वा कार्यालयले तोकेको कार्यालयको प्रतिनिधिको रोहवरमा गर्नु पर्नेछ र प्रतिनिधिको उपस्थिति स्पष्ट देखिने गरी आम भेलाको फोटो खिच्न लगाइ सम्झौताको समयमा अनिवार्य संलग्न गर्नुपर्ने।

४. उपभोक्ता समिति गठन गर्दा समावेशी सिद्धान्तको अवलम्वन गर्नु पर्ने छ। समितिमा कम्तीमा तेत्तीस प्रतिशत ( (३३%) महिला सदस्य हुनुपर्नेछ। समितिको अध्यक्ष, सचिव र कोषाध्यक्षमध्ये कम्तीमा एकजना महिला पदाधिकारी हुनुपर्नेछ।

५. समितिमा १८ वर्ष उमेर पुरा गरेको, कुनैपनि फौजदारी कसूरमा अदालतबाट दोषी ठहर नभएको, सरकारी बाँकी वक्यौता वा पेश्की फस्यौट गर्न बाँकी नभएको र जनप्रतिनिधि, राजनीतिक दलको पदाधिकारी, बहालवाला शिक्षक तथा कर्मचारी नरहेको साथै योजना कार्यान्वयन क्षेत्रको स्थानीय बासिन्दा रहेको हुनुपर्ने।

६. योजनालाई तोकिए बमोजिमको गुणस्तर, परिमाण र समयमा सम्पन्न गर्न गराउन कम्तिमा १ जना महिला सहित ३ सदस्यीय अनुगमन समिति समेत आम भेलाबाट गठन गर्नुपर्ने।

७. एक व्यक्ति एकभन्दा बढी उपभोक्ता समितिको सदस्य हुन पाउने छैन। साथै सगोलका परिवारबाट एकजना भन्दा बढी व्यक्ति एउटै उपभोक्ता समितिको सदस्य हुन पाइने छैन।

८. उपभोक्ता समितिको गठन सकेसम्म सर्वसम्मत तरिकाले गर्नुपर्नेछ। सर्वसम्मत हुन नसकेमा उपभोक्ताहरुको बहुमतबाट उपभोक्ता समितिको गठन गर्नुपर्ने ।

९. उपभोक्ता समितिको अध्यक्ष, सचिव र कोषाध्यक्षमा लेखपढ गर्न सक्ने व्यक्ति अनिवार्य राख्नु पर्नेछ। सम्भव भए सम्म समितिमा वस्ने सवै व्यक्ति लेखपढ गर्न सक्ने राख्नु पर्ने।

४/२८

यमकान्त पाण्डेय
प्रमुख प्रशासकीय अधिकृत

Contact No.: 9857088111 "खुसी नगरवासीः समृद्ध बुद्धभूमी" Email: buddhabhumi.mun@gmail.com